# Accountability Watch Committee (AWC)
# जवाफदेहिता निगरानी समिति

मिति २०७७ भाद्र २१ गते

## प्रेस विज्ञप्ति

## धार्मिक तथा साँस्कृतिक परम्पराप्रति संवेदनशील हुन र समयमै उचित व्यवस्थापन गर्न अपिल ।

गत विहीबार (भदौं १८ गते) ललितपुर, पुल्चोकमा धार्मिक परम्परा तथा आस्थालाई अक्षुण राख्न भगवान मच्छेन्द्रनाथको रथयात्राका लागि स्वस्फुर्त रुपमा शान्तिपूर्ण ढंगबाट दबाब श्रृजना गरेको भनिएको भेलामा अप्रत्यासित झडप तथा त्यसबाट प्रदर्शनकारी तथा प्रहरीसमेत घाइते भएको दुखःद घट्नाप्रति जवाफदेहीता निगरानी समितिको गम्भीर ध्यानार्कषण भएको छ ।

धार्मिक स्वतन्त्रता नागरिकको नैसर्गिक तथा मौलिक हक हो । बिशेष गरेर बहुधार्मिक तथा बहुसाँस्कृतिक परम्परा बोकेको हाम्रो मुलुक नेपालमा यसले बिशिष्ट अर्थ राख्ने मात्र नभएर राष्ट्रिय पहिचान समेत झल्काउने गौरवमय ईतिहास रच्दै आएको छ । त्यसैले परापूर्वकालदेखि चल्दै आएका धार्मिक आस्थाका केन्द्र तथा संस्कृतिक परम्पराहरुको जस्तोसुकै परिस्थितिमा पनि सम्बर्द्धन, संरक्षण एवं प्रवर्द्धन गर्नु राज्यका हरेक निकायको प्रमुख दायित्व हो भने यस्तो बिषम परिस्थितीमा राज्यद्धारा लागू गरिएका निती नियमहरुको पालना गर्नु नागरिकको कर्तब्य हो ।

तर कोरनाबाट उत्पन्न महामारीको विद्यमान अवस्थालाई मध्येनजर गर्दै समय मै उचित व्यवस्थापन हुन सक्ने उपाय नखोजी किंमकर्तव्यविमुढ भई बस्ने स्थानीय प्रशासन तथा सम्बन्धित निकायले समय मै पूर्वजानकारी नदिएकोले परम्परा धान्न प्रदर्शनमा उत्रिनु पर्ने अवस्था आएको र त्यसक्रममा नागरिकमाथि अत्यधिक वल प्रयोग र दमन हुनु दखःद घटना हो । पाटनमा सदियौंदेखि चल्दै आएको मच्छेन्द्रनाथ रथयात्राका संदर्भमा भएको यस दुखःद घट्नाप्रति निगरानी समिति खेद प्रकट गर्दछ ।

यो घटना नेपालको संविधानले प्रत्याभुत गरेको धार्मिक स्वतन्त्रता सम्बन्धि मौलिक हक, संयुक्त राष्ट्र संघको मानव अधिकारको विश्वब्यापि घोषणपत्र १९४८ र नेपाल पक्षराष्ट्र रहेको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार महासन्धिका विरुद्धमा रहेको छ । यसअर्थमा 'कोभिड १९'बाट पर्न सक्ने स्वास्थ्य प्रभाव समेतको उचित मापदण्ड र स्थानीय समुदायको धार्मिक आस्था र परम्परा समेतको सम्मान हुने गरी यस्ता धार्मिक क्रियाकलापहरुको समयमै उचित व्यवस्थापन गर्न र भविष्यमा यस्ता घटनाहरु नदोहोरिने सुनिश्चितता गर्न स्थानीय सरोकारवाला तथा नेपाल सरकारसमक्ष हार्दिक अपिल गर्दछौं ।

साथै, उक्त घट्नामा घाईते भएका पदर्शनकारी तथा प्रहरीको उचित स्वास्थ्य उपचारको ब्यवस्था, पक्राऊ परेका प्रर्दशनकारीको आधारभुत मानव अधिकारको रक्षा, अमानवीय दूर्व्यवहार तथा यातना नहुने सनिश्चितता तथा यसबाट उत्पन्न विषम परिस्थितिको न्यायोचित र यथोचित निकास दिनुका साथै पाटनबासीको धार्मिक आस्था एवं साँस्कृतिक परम्पराको उच्चतम सम्मान भएको अनुभुत गराउन सरकार तथा सम्बन्धित निकायसमक्ष निगरानी समिति हार्दिक आग्रह गर्दछ ।

जवाफदेहीता निगरानी समितिका तर्फबाट

(चरण प्रसाई, संयोजक)

सम्पर्क- ओम प्रकाश सेन ठकुरी, 9841275732

........................................................................................................................ सह-संयोजक गोविन्द बन्दी सदस्यः संस्थापक संयोजक मन्दिरा शर्मा, प्रा.कपिल श्रेष्ठ, डा.गौरीशंकरलाल दास, कनकमणि दिक्षित, डा.गोपाल सिवाकोटी, शोभाकर बुढाथोकी, सुमन अधिकारी, देवी सुनवार, विरेन्द्र थपलिया, दिनेश त्रिपाठी, ओमप्रकाश अर्याल, राजु प्रसाद चापागाई, सवित्री श्रेष्ठ, जनक बहादुर राउत, ईन्द्रप्रसाद अर्याल, माहामुनिश्वर आचार्य, बाबुराम गिरी, राजन कुईकेल, बिकास बस्नेत, अनिता थपलिया, भक्त विश्वकर्मा, पंकजकुमार कर्ण, बद्रि भुसाल, रुकमनी महर्जन, रणधिर चौधरी ।